**उपभोक्ता अधिकारको रक्षा गरौं**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाइको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानि पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरूपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत २२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 04 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१३

## धोबिनीमा कमिशनको कारण कुटाकुट भएको खुलासा

प्रस, वीरगंज, २१ चैत/

धोबिनी गाउँपालिका कार्यालयमा हिजो मङ्गलवार प्रमुख प्रशासकीय



धोबिनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद कुमार साह।

अधिकृत र कार्यपालिका सदस्यबीच भएको झगडाले सो गापामा हुने गरेको अनियमिततालाई उजागर गरेको छ।

धोबिनी गापामा हिजो भएको घटना बाहिरिएको मात्र हो, यस अघिदेखि सो पालिकामा प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधिहरूबीच मनमुटाव रहँदै आएको थियो।

प्रमुख प्रशासकीय अधिकृत प्रमोदकुमार साह धोबिनीमा सरुवा भएर आएको सात महीनामा भएको छ। तर उनी यो अवधिमा मुश्किलले आधा महीना मात्र कार्यालयमा बसेका छन्। उनले वीरगंजमा समानान्तर कार्यालय सञ्चालन गरेर यहीबाट गापाका सबैजसो काम गर्दै आएका थिए।

कार्यालयका लेखापाल र जिन्सी प्रमुखसँगको सहकार्यमा वीरगंजमा रहेको समानान्तर कार्यालयबाट गोप्य टेन्डर प्रकाशन गर्ने र त्यसमा लाखौंको अनियमितता गर्ने गरेको आरोप लागेको छ।

गापाको वार्षिक आन्तरिक आम्दानी दुई करोड रुपैयाँ छ। गापामा स्थिति पोखरी ठेक्काबाट सोबापतको रकम गापालाई प्राप्त हुने र सोही रकम जनप्रतिनिधिहरूलाई बाइपास गरेर प्रमुख प्रशासकीय अधिकृतले आफूखुशी सञ्चालन गर्दा विवाद चुलिएको हो। यसअघि जनप्रतिनिधिहरूले आआफ्नो आवश्यकताका सामानहरू वडामार्फत खरीद गर्ने र त्यसको भुक्तानी पालिका कार्यालयबाट हुने चलन थियो। तर प्रमुख प्रशासकीय अधिकृत साहले सो कार्य बन्द गरी आफू मातहतबाट खरीद हुने व्यवस्था सिर्जना गरेका थिए। आफू मातहतबाट सामानहरू खरीद हुँदा वडा कार्यालयलाई प्राप्त हुने कमिशन मरेको र सबैजसो खरीदबाट प्रमुख प्रशासकीय अधिकृतलाई कमिशन जाँदा जनप्रतिनिधिहरू रिसाएका थिए।

चालू आवमा पोखरीको ठेक्काबापत उठेको दुई करोड रुपैयाँमध्ये एक करोड सञ्चित थियो। प्रमुख प्रशासकीय अधिकृत साहले सो रकममध्ये ८० लाख खर्च गरिसकेका थिए र सोबापतको कमिशन पनि बुझेका थिए। प्रमुख प्रशासकीय अधिकृत साहले ८० लाखको सामान टेन्डर नगरी सहनी ब्रदर्स सप्लायर्ससँग सामान खरीद गरेको र सोबापत २० लाख कमिशन बुझेको आरोप छ। त्यसरी खरीद गरिएका सामानहरू उनले वडा कार्यालयमा पठाएर रातारात वितरण गरेको वडाध्यक्षहरूको आरोप छ।

धोबिनी गापामा अध्यक्ष र उपाध्यक्षबीच तनाव छ। दुवै नमिलेका र बहुमत अध्यक्षतर्फ भएको कारण अध्यक्षलाई प्रभावित पारेर प्रमुख प्रशासकीय अधिकृतले यी सबै कारनामा रच्दा विवाद बढेको कर्मचारीहरू बताउँछन्।

चालू आवमा विनियोजित बजेट सम्बन्धित शीर्षकमा खर्च नगरी प्रमुख प्रशासकीय अधिकृत साहले आफूखुशी खर्च गरेको जनप्रतिनिधिहरूको आरोप छ। रेडबूकमा अङ्कित योजनाविपरीत आफूखुशी खर्च गरेको भन्दै जनप्रतिनिधिहरू र प्रमुख प्रशासकीय अधिकृत साहबीच धेरै दिनदेखि विवाद रहँदै आएको छ। गापा कार्यालयमा नबसेर वीरगंजबाट काम सम्पन्न गर्दै आएका उनी हिजो कार्यालय पुग्दा पुरानो विषयलाई लिएर विवाद बढेको र हात हालाहालको अवस्था सिर्जना भएको थियो।

अहिले सो गापाका ठेकेदारहरूले काम सम्पन्न गरेबापतको भुक्तानी पाएका छैनन्। यसैगरी, शिक्षकहरूले होलीमा पनि तलब पाएनन्। जनप्रतिनिधिहरूलाई थाहा नदिई जथाभावी सामान खरीद गर्दै आएका प्रमुख प्रशासकीय अधिकृत साहले यसबारेमा सम्बन्धित पक्षसँग संवाद, भेटघाट पनि नगरेका कारण हिजो कार्यपालिका सदस्य दिनेश कलवार जङ्गिएको बताइन्छ।

## छजना निरीक्षकसहित सातजनाविरुद्ध मुद्दा

प्रस, रौतहट, २१ चैत/

जिल्ला प्रहरी कार्यालय, रौतहटले जारी माध्यमिक शिक्षा परीक्षा (एसइई)मा सातजनाविरुद्ध मुद्दा चलाएको छ।

जिप्रका, रौतहटकी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले छजना निरीक्षक र एकजना अन्य गरी सातजनाविरुद्ध एसइई मर्यादित बनाउने कार्यमा बाधा अवरोध सिर्जना गरेको कसूरमा पक्राउ गरिएको र उनीहरूविरुद्ध मुद्दा चलाइएको बताइन्। प्रवक्ता गिरीले श्रीमावि पथराका प्रधानाध्यापक राजदेवी नपा–१ बस्ने उतिचन्द्र यादवलाई सामाजिक सञ्जालमार्फत चिट चोर्न लगाएको कसूरमा पक्राउ गरिएको बताइन्।

उनी परीक्षा निरीक्षक रहेका र चिट चोर्न लगाउने कार्यमा उनको सक्रियता देखिएपछि प्रमाणसहित पक्राउ गरिएको प्रनाउ गिरीले बताइन्। यसैगरी, सरस्वती मावि, पिपरा परीक्षा केन्द्रका निरीक्षक गढीमाई नपा–७ बस्ने ललनराय यादव, पथरा बुधराम परीक्षा केन्द्रका निरीक्षक मौलापुर नपा–६ बस्ने रामअमोदप्रसाद यादव, शङ्कर मावि सरमुजवाका निरीक्षक मौलापुर नपा–६ बस्ने अवधलाल राम र राकेशकुमार यादवलाई पक्राउ गरिएको प्रवक्ता गिरीले बताइन्।

यसैगरी, सरस्वती मावि पिपरा परीक्षा केन्द्रमा अनधिकृतरूपमा प्रवेश गरेर चिट गराउने काममा संलग्न राजपुर नपा–१ का रामसोगारथ साहलाई पक्राउ गरी मुद्दा चलाइएको प्रवक्ता गिरीले बताइन्।

उनले जारी एसइईमा सामाजिक सञ्जालको माध्यमबाट प्रश्नपत्र आउट गर्ने, सोका उत्तरहरू ह्वाट्सएपको माध्यमबाट आदानप्रदान गरी परीक्षाको गोपनीयता भङ्ग गरेको, स्वयम् परीक्षा निरीक्षक भएर चिट चोर्न लगाएर परीक्षाको मर्यादा भङ्ग गरेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरी शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा १ (क) अन्तर्गतको कसूरमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको प्रवक्ता गिरीले बताइन्।

## त्रिभुवन माविका प्रअ मिश्रको बिदाइ

प्रस, वीरगंज, २१ चैत/

त्रिभुवन माविका प्रधानाध्यापक घनश्याम मिश्रलाई बुधवार बिदाइ एवं सम्मान गरिएको छ। प्रअ मिश्र आजैदेखि अवकाश पाएका हुन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपाल केडियाको अध्यक्षता एवं वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रअ मिश्रलाई दोसल्ला ओढाएर सम्मानपत्रसहित अबिर र टीका लगाइ सम्मानित गरिएको थियो। कार्यक्रममा विद्यालयका शिक्षक एवं कर्मचारीहरूले प्रअ मिश्रलाई मायाको चिनो उपहार दिई बिदाइ गरेका थिए। कार्यक्रममा प्रअ मिश्रले अवकाश पाएपछि प्रअको जिम्मेवारी पाएकी कविता फुयाँललाई अबिर र टीका लगाइ बधाई तथा शुभकामना प्रदान गरिएको थियो।



कार्यक्रममा वक्ताहरूले प्रअ मिश्रले आफ्नो कार्यकालमा गरेका कार्यहरूको प्रशंसा गरेका थिए। नगरप्रमुख सिंहले प्रअ मिश्रलाई शिक्षाविद्को रूपमा रही महानगरको शिक्षा व्यवस्थापनमा सहयोग गर्न आग्रह गरेका थिए।

कार्यक्रममा वीरगंज महानगर शैक्षिक शाखाका प्रमुख अरविन्दलाल कर्ण, वडा नं ६ अध्यक्ष जयप्रकाश शाह अग्रवाल, अवकासप्राप्त प्रअ मिश्र, त्रिजुद्ध माविका प्रअ नवीन मिश्र, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष नरेन्द्र शाह, पूर्व वडाध्यक्ष ध्रुव नेपाल, विद्यालय व्यवस्थापन समितिका सल्लाहकारद्वय बाबुजान अलि र कन्हैया झा, वीरगंज महानगर कार्यपालिका सदस्य कनिका कौशिक, विद्यालय व्यवस्थापन समितिका सदस्य सुरेन्द्रप्रसाद कानू, शुभनारायण मेहता, सुपुनीता देवी, अभिभावक सङ्घका अध्यक्ष सुनीलकुमार साह, सदस्य निरञ्जन सिंह, सञ्चारकर्मी लालबाबु सिंह, शिक्षकहरू राजीव सिंह, उपेन्द्र साह, बब्बु दाहालगायत विद्यार्थीहरू एवं स्थानीयहरूको सहभागिता थियो।

कार्यक्रममा स्वागत निमित्त प्रअ कविता फुयाँल र सहजीकरण शिक्षक रामप्रमोद पाण्डेयले गरेका थिए।

## चिनियाँ नागरिक संलग्न अनलाइन ठगी प्रकरण, कहाँसम्म पुग्यो अनुसन्धान

राधेश्याम पटेल, परवानीपुर, २१ चैत/

अनलाइनमार्फत ठगी गर्ने चिनियाँ नागरिक संलग्न मुद्दामा पर्सा प्रहरीको खोजतलाश गरिरहेको बुझिन आएको छ। प्रहरी अनुसन्धानमा हाल यी दुईजना भने फरार देखिएका छन्।







जस्ता शङ्कास्पद गतिविधि हुन थालेपछि स्थानीयको मनमा चीसो पसेको थियो। बिहान ९ देखि साँझ ६ बजेसम्म दैनिक नहुने बताएको छ।

पर्सा प्रहरीले अहिले पक्राउ परेका तीनजना चिनियाँ नागरिकविरुद्ध अभद्र

अनुसन्धान जारी छ। दोभाषे बोलाएर सामान्य सोधपूछ भएको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताएका छन्। प्रहरीले थप अनुसन्धानलाई तीव्रता दिएको छ, विभिन्न कोणबाट घटनाको सूक्ष्म अनुसन्धान भइरहेको उनले बताए।

प्रहरीले चिनियाँ गिरोहका अन्य सदस्यका बारेमा पनि खोजतलाश जारी राखेको प्रवक्ता थापाको दाबी छ। तीनजना चिनियाँ नागरिक पक्राउ परेको यस ठगी घटनामा वीरगंजमा आपराधिक गतिविधि सञ्चालन गर्न सहयोग गर्न प्रत्यक्ष संलग्न देखिएका दुईजना नेपाली नागरिकको खोजी भइरहेको छ।

वीरगंज महानगरपालिका–१५ लक्ष्मणवामा घर भाडामा लिने मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका–१० की ३२ वर्षीया श्रद्धा जोशी र घर खोज्ने एवं चिनियाँ नागरिकसँग चालकको भूमिकामा काम गर्ने वीरगंज महानगरपालिका–१७ अलौंका राजेश गुप्तालाई पर्सा प्रहरीले

वीरगंज–१५ लक्ष्मणवाका नन्दु पटेलकी पत्नी शिवदेवी पटेलसँग हेटौंडाकी जोशीले गरेको घरभाडा सम्झौतामा नन्दुको तर्फबाट वीरगंज–१७ अलौंका सञ्जय गुप्ता र जोशीको तर्फबाट राजेश गुप्ताले साक्षीमा हस्ताक्षर गरेका छन्।

पटेलको घरमा ब्रेडा इन्टरनेशनल सर्भिस कम्पनी प्रालिले चिनियाँ भाषा पढाउने इन्स्टिच्युट स्थापनाको लागि घर भाडामा लिएको सम्झौतापत्रमा उल्लेख छ। मासिक १० हजार रुपैयाँमा अढाई तले घरका आठवटा कोठा गत माघ १४ गते सम्झौता गर्दै भाडामा लिइएको थियो। घरभाडा सम्झौता गर्ने बेला पेश्कीबापत चार महीनाको घरभाडा रु ४० हजार चिनियाँ नागरिकले घरधनीलाई दिएको सम्झौतापत्रमा उल्लेख छ।

घर भाडामा लिएपछि रातिपख मात्र गाडीमा सामान ल्याएर घरभित्र राख्ने गरेको प्रत्यक्षदर्शीहरू बताउँछन्।

त्यसपछिका गतिविधिहरू झनै शङ्कास्पद हुँदै गएको स्थानीयहरू बताउँछन्। स्वयम् घरधनीलाई पनि साँझको समयमा पूजा गर्न रोक लगाउने, बाहिरका मानिसहरूलाई घरभित्र आउन नदिने १५–२० जना कर्मचारी सो घरमा काम गर्न आउने गरेको टोलवासी बताउँछन्।

यो कार्यमा भारतीय युवकहरूमार्फत सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई लक्षित गर्दै ठग्ने कार्य भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। चिनियाँ नागरिकहरूलाई यो अनलाइन ठगीकाण्डमा भारतीय प्राविधिक गिरोहले सघाएको प्रहरी अनुसन्धानबाट खुलेको छ। यसबारेमा प्रहरीले पत्रकार सम्मेलन गरेर जानकारी गराएको थियो भने अहिले अनुसन्धान जारी रहेको भनेर सबै कुरा बताउन चाहेको छैन।

सामाजिक सञ्जाल फेसबूक, मेसेन्जर, ह्वाट्सएप, ट्विटर, इन्स्टाग्राम तथा टेलिफोनमार्फत पनि चिठा परेको, पुरस्कार परेको भन्दै नेपाली, भारतीय, पाकिस्तानी नागरिकलाई झुक्याएर भारतीय बैंकको खातामा पैसा जम्मा गर्न लगाएर ठगीधन्दा चलाएको प्रहरीको दाबी छ।

प्रहरीले जबसम्म हेटौंडाकी श्रद्धा जोशी र वीरगंज, अलौंका राजेश गुप्ता पक्राउ पर्दैनन्, तबसम्म अनुसन्धान पूरा व्यवहार, साइबर अपराध, सङ्गठित अपराधलगायतका मुद्दा प्रभावित हुनेगरी अनुसन्धान अगाडि बढाएको छ। तर यो घटनामा विदेशी शक्तिबाट दबाब सिर्जना भइरहेको पनि स्रोतले जनाएको छ। यसअघिका यस्ता घटनामा विदेशी शक्तिको दबाबमा आपराधिक गतिविधिमा संलग्न चिनियाँहरू छाडिएका घटना ताजै छन्। राजधानीमा एटिएम लुट प्रकरण त्यसको उदाहरण हो।

प्रहरीले लक्ष्मणवामा छापा मारी ठूलो परिमाणमा सूचना प्रविधिका सामानहरू बरामद गरेसँगै एकजना चिनियाँ नागरिकलाई वीरगंज–५ स्थित वृन्दावन होटलबाट र दुईजना चिनियाँ नागरिकलाई वीरगंज–१६ नगवाबाट पक्राउ गरेको थियो।

यस ठगीधन्धामा लियु गियु काइ, वाङ बोहान र झ्याङ झियो गरी तीनजना चिनियाँ नागरिक पक्राउ परेका छन्। यसै घटनामा अनुसन्धानको क्रममा प्रहरीले पक्राउ गरेका दुईजना नेपाली नागरिकलाई भने सोधपूछ गरी हाजिरी जमानीमा छाडेको छ।

## लागूऔषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २१ चैत/

इलाका प्रहरी कार्यालय अमलेखगंजले सूचनाको आधारमा मोटरसाइकलको टङ्कीमा लुकाएर हेटौंडा लैजाँदै गरेको लागूऔषध अनरेक्स ३९ बोतल बरामद गरेको छ।

जिप्रका, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले वीरगंजबाट हेटौंडातर्फ जाँदै गरेको ना.४३प २०२ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा टङ्कीमा राखेको अवस्थामा ३९ बोतल अनरेक्स सिरप बरामद भएको बताए। उनले मोटरसाइकलबाट लागूऔषध बरामद भएपछि हेटौंडा उपमहानगरपालिका–१३ बस्ने २४ वर्षीय चालक शुभराज मोक्तान र पछाडि सवार सोही स्थान बस्ने २२ वर्षीय नीरज गोलेलाई पक्राउ गरिएको बताए। पक्राउ परेका दुवैजनालाई अदालतमा हाजिर गरेर पाँच दिनको म्याद लिई आवश्यक कारबाही प्रक्रिया थालिएको प्रवक्ता न्यौपानेले बताए।

# नेपालको मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहने विश्व बैंकको प्रक्षेपण

काठमाडौं, २१ चैत/रासस

विश्व बैंकले सन् २०२४ मा नेपालको उपभोक्ता मुद्रास्फीति अधिकतम छ दशमलव सात प्रतिशतसम्म रहने प्रक्षेपण गरेको छ ।

विश्व बैंकले सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार आगामी वर्ष अर्थात् सन् २०२५ मा भने मुद्रास्फीति छ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। चालु आर्थिक वर्षको बजेटबाट सरकारले केही वस्तुको मूल्य अभिवृद्धि कर (भ्याट)मा छुट दिएकोमा त्यसले पनि मुद्रास्फीति बढाएको उल्लेख छ।

विश्व बैंकले औसत मुद्रास्फीति गत वर्ष आठ प्रतिशतबाट यस वर्ष छ दशमलव सात प्रतिशत हाराहारी रहने प्रक्षेपण गरेको छ । यस वर्ष खाद्य तथा पेय पदार्थको मुद्रास्फीति भने बढेको छ । चामल निर्यातमा भारतले लगाएको प्रतिबन्ध र मरमसलामा देखिएको मूल्यवृद्धिको असर समग्र मुद्रास्फीतिमा देखिएको छ ।

प्रतिवेदनमा नेपालको सेवा क्षेत्रमा सुधार देखिएका कारण आर्थिक वृद्धिदर गत वर्षको सुरुआती छ महीनाको तुलनामा यस वर्षको सोही अवधिमा बढेको छ । पर्यटक आगमनमा भएको वृद्धिले होटल तथा आवास क्षेत्रमा उल्लेख्य सुधार देखिएको तथा बीमा क्षेत्रका गतिविधि बढेको प्रतिवेदनमा उल्लेख छ। अर्थतन्त्रमा सुधार देखिनुमा औद्योगिक क्षेत्र, जलविद्युत् उत्पादन र कृषि क्षेत्रमा धानको उत्पादन बढ्नुलाई मुख्य कारण मानिएको छ । अहिले थोक तथा खुद्रा व्यापारमा भने सङ्कुचन देखिएको प्रतिवेदनमा उल्लेख छ ।

गत वर्ष अर्थात् सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा यस वर्ष तीन दशमलव तीन प्रतिशत र आगामी वर्ष अर्थात् सन् २०२५ मा औसत पाँच प्रतिशत हाराहारी रहने प्रक्षेपण विश्व बैंकको छ ।

यसअघि विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' मार्फत वर्ष २०२३/२४ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत र वर्ष २०२४/२५ मा पाँच प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको थियो । तर अहिले उक्त अनुमान घटाएको छ ।

उपभोग बढ्दा वस्तु तथा सेवाको आन्तरिक माग बढेको र यसलाई विप्रेषण आप्रवाहले धानेको देखिएको छ। यद्यपि विप्रेषणमा देखिएको वृद्धिको अनुपातमा माग भने बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, निजी क्षेत्रको लगानी र राजस्व सङ्कलन घटेको देखिएको छ ।

विदेशी मुद्राको सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेर भुक्तानी सन्तुलन कायम भएको र बाह्य क्षेत्र सहज हुनुका पछाडि विप्रेषण बढ्नु र व्यापार घाटा कम हुनुलाई मुख्य कारण मानिएको छ।

सन् २०२३ को अर्धवार्षिक अवधिमा चालू खाता घाटा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को शून्य दशमलव सात प्रतिशतले घाटामा रहेकोमा सन् २०२४ को सोही अवधिमा भने दुई दशमलव सात प्रतिशतले नाफामा रहेको देखिएको छ। चालू खाता नाफामा जानुका पछाडि पनि विप्रेषण बढ्नु र व्यापार घाटा घट्नुलाई मुख्य कारणका रूपमा लिइएको छ।

चालू वर्षको अर्धवार्षिक अवधिमा विप्रेषण आप्रवाह जिडिपीको तुलनामा १० दशमलव नौ प्रतिशतबाट बढेर १२ दशमलव तीन प्रतिशत पुगेको र व्यापार घाटा जिडिपीको १३ दशमलव दुई प्रतिशतबाट घटेर ११ दशमलव छ प्रतिशत रहेको विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ ।

वस्तु आयात घटे पनि न्यून करका कारण विद्युतीय सवारीसाधनको आयात भने निकै बढेको छ। सेवा आयात कोभिड महामारी पूर्वको अवस्थाभन्दा बढेको छ। जबकि नेपालको निर्यात भने थोरै मात्र बढेको छ भने महामारीपूर्वको अवस्थामा अझै पुगिसकेको छैन ।

विभिन्न चुनौतीका बावजुद पनि बैंकिङ क्षेत्र स्थिर र नाफाको अवस्थामा देखिएको छ । खराब कर्जा बढेको छ । औसत पूँजी पर्याप्तता अनुपात नियामक नेपाल राष्ट्र बैंकले तोकेकोभन्दा बढी रहेको छ भने तरलता बढेको छ । ऋण प्रोभिजनिङ तथा पुनर्संरचनामार्फत बैंकहरूको नाफा थप घट्न नदिन प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ।

पूँजीगत खर्च बढाउने र भन्सार राजस्वमा आधारित निर्भरतालाई घटाउँदै लगेर आर्थिक वृद्धि हासिल गर्न सकिने विश्व बैंकले औँल्याएको छ। निजी क्षेत्रको आत्मबल तथा लगानी बढाउन मौद्रिक नीति सहज र सुदृढ हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ।

# सुनको मूल्यमा नयाँ रेकर्ड

काठमाडौं, २१ चैत/रासस

नेपाली बजारमा सुनको मूल्यले नयाँ रेकर्ड कायम गरेको छ । लगातार उकालो लाग्दै आएको सुनको मूल्यमा आजको बढोत्तरीपछि नयाँ रेकर्ड कायम भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार मङ्गलवार प्रतितोला रु एक लाख ३१ हजार दुई सयमा कारोबार भएको छापावाला सुन आज प्रतितोला एक हजार आठ सयले बढेर रु एक लाख ३३ हजार तय भएको हो ।

यस्तै, तेजाबी सुन तोलामा मङ्गलवार प्रतितोला रु एक लाख ३० हजार पाँच सयमा कारोबार भएकामा आजका लागि भने रु एक लाख ३२ हजार ३५० निर्धारण भएको छ ।

चाँदीको मूल्य पनि उकालो लागेको छ। मङ्गलवार प्रतितोला रु एक हजार ५४५ मा कारोबार भएको चाँदी आजका लागि भने रु ६५ ले बढेर रु एक हजार ६१० बराबरको मूल्य निर्धारण भएको छ।

# नेप्से परिसूचक सामान्य अङ्कले घटयो

काठमाडौं, २१ चैत/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। बुधवार नेप्से परिसूचक तीन दशमलव ४३ प्रतिशतले घटेर दुई हजार छ दशमलव ७८ को बिन्दुमा कायम भएको हो ।

विभिन्न ३२२ कम्पनीका ६४ लाख ८१ हजार ८३४ कित्ता शेयर ५२ हजार ६५ पटक खरीद–बिक्री हुँदा रु दुई अर्ब ५३ करोड ६२ लाख ३३ हजार ९८६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

जीवन बीमा समूह शून्य दशमलव ५०, लघुवित्त एक दशमलव ६५ र म्युचुअल फन्ड समूह शून्य दशमलव ३८ प्रतिशतले बढेका छन् भने अरू सबै समूहको उपसूचक घटेका छन्।

सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७४ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले घटेका छन्।

बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ६३, वित्त शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव १८, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेका छन्।

आजको कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९७ र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९१ प्रतिशतले बढेका छन् । सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेका छन्।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रु २५ करोड ८० लाख ५९ हजार ११६ बराबरको चार लाख ९४ हजार ७४५ कित्ता शेयर किनबेच भएको छ।

# हुलाकी राजमार्गको वीरगंज मातहत १८१ किलोमिटर सडक तयार

वीरगंज (पर्सा), २१ चैत/रासस

हुलाकी राजमार्ग योजना कार्यालय मातहत पर्ने हुलाकी राजमार्गको समग्रमा १८१ किलोमिटर सडक कालोपत्र गरिएको छ ।

कार्यालय मातहत दुई खण्डमा कुल २२९ दशमलव सात किलोमिटर सडक पर्छ । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र अन्य केही ठाउँमा बाहेक अन्यत्र सडक निर्माण कामले गति लिइरहेको कार्यालयले जनाएको छ।

हुलाकी राजमार्ग योजना कार्यालयका योजना प्रमुख दीपककुमार झाले चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाहेक अन्य स्थानमा सडक निर्माणले गति लिएको बताए । "निकुञ्ज क्षेत्रमा सडक विस्तारको कार्य अघि बढाउन समस्या भइरहेको छ," उनले भने, "अन्य स्थानमा भने सडक निर्माणले गति लिइरहेको छ।"

कार्यालय मातहत २२९ दशमलव सात किलोमिटर सडक पर्छ । त्यसमा पूर्व–पश्चिम खण्डमा १५३ किलोमिटर र उत्तर–दक्षिण खण्डमा ७६ दशमलव सात किलोमिटर सडक पर्छ।

कार्यालयका अनुसार हालसम्म दुवै खण्डमा १८१ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ।

पूर्वपश्चिम खण्डमा १०९ किलोमिटर र उत्तर–दक्षिण खण्डमा ७२ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ।

योजना प्रमुख झाले सार्वजनिक खरीद नियमावलीको १३औं संशोधनले आयोजनाको म्याद थप गर्नका लागि सहजीकरण गरिदिएकाले हुलाकी राजमार्ग अन्तर्गत रहेका रुग्ण ठेक्कालाई अघि बढाउन सहज हुने आकलन गरेएका छन्।

"सार्वजनिक खरीद नियमावलीको १३औं संशोधनले आयोजनाहरूको म्याद थपको प्रावधान विगतको तुलनामा अहिले केही खुकुलो पारिएको छ, यदि आयोजनाहरूको म्याद थप भएको खण्डमा सडक निर्माणको कामले गति लिने आशा गरेका छौं," उनले भने, "उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पनि वीरगंजमा आएको सन्दर्भमा बजेट अभाव नहुने भन्दै प्रतिबद्धता पनि जनाउनुभएकाले पनि पूर्वाधार निर्माणमा सहज वातावरण बन्ने अपेक्षा लिएका छौं।"

हुलाकी सडक योजना कार्यालय वीरगंजका सूचना अधिकारी तथा इन्जिनीयर सञ्जय ठाकुरले पूर्व–पश्चिमको १५३ किलोमिटर सडकमध्ये हालसम्म १०९ किलोमिटर सडक कालोपत्र सम्पन्न भइसकेको बताए ।

"यो खण्डमा पर्ने पर्साको ठोरीदेखि चितवनको माडीसम्म चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने १५ किलोमिटर सडक कालोपत्र गर्न सकेका छैनौं," उनले भने।

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको ध्यानाकर्षण

काठमाडौं, २१ चैत/रासस

संवैधानिक परिषद्ले तोयम रायलाई महालेखापरीक्षकमा सिफारिश गरेकोमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालले आपत्ति जनाएको छ।

कानून बमोजिम लेखा राख्ने, राख्न लगाउने र लेखापरीक्षण गराउनेलगायतका जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको रहने र सोही प्रकृतिको पदमा रहेका रायलाई महालेखापरीक्षकमा सिफारिश गरेकोमा टिआई नेपालले आपत्ति जनाएको हो।

राज्यका कुनै पनि उच्च पदमा नियुक्ति गरिँदा स्वार्थको द्वन्द्व नहुने र सुशासनमा खलल नपर्ने कुरा सुनिश्चित गरिनुपर्ने ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालको आधिकारिक धारणा छ।

"संवैधानिक परिषद्द्वारा यही २०८० वैशाख २१ गतेसम्म अर्थसचिव पदमा रही तत्पश्चात् उपराष्ट्रपतिको कार्यालयमा सचिव र त्यसपछि राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीका रूपमा कार्यरत तोयम रायलाई महालेखापरीक्षकमा सिफारिश गरिएकामा टिआई–नेपालको गम्भीर ध्यानाकर्षण भएको छ," विज्ञप्तिमा भनिएको छ, "महालेखापरीक्षक नेपालको संविधानको धारा २४१ मा भएको व्यवस्थाअनुरूप नेपाल सरकारका सबै निकायको लेखापरीक्षण गर्ने सर्वोच्च पद हो, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले नेपाल सरकारको कुनै मन्त्रालय वा केन्द्रीय निकायको सचिव पदमा कार्यरत व्यक्तिलाई लेखा उत्तरदायी अधिकृत मानेको छ।"

ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गका अनुसार विश्वका विभिन्न मुलुकका महालेखापरीक्षकजस्ता सर्वोच्च लेखापरीक्षण निकायको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाइ)बाट जारी आचारसंहितामा नैतिक आचरणबारे उल्लेख रहेको छ।

"ती आचरणमध्ये लेखापरीक्षक (महालेखापरीक्षक र निजको तर्फबाट लेखापरीक्षण कार्य गर्ने अन्य व्यक्ति) को निष्ठा, लेखापरीक्षण गराउने निकायबाट स्वतन्त्र र वस्तुनिष्ठ रहनुपर्ने विषय महत्त्वपूर्ण छन्," उनले भने, "त्यस्तो लेखापरीक्षककाे नियुक्ति गर्दा वा निजलाई लेखापरीक्षकका रूपमा तोक्दा निजको स्वतन्त्रता र वस्तुनिष्ठता कायम हुन्छ हुँदैन भन्ने पक्ष महत्त्वपूर्ण हुन्छन्।"

उनका अनुसार लेखापरीक्षकका रूपमा तोक्दा र लेखापरीक्षकले जिम्मेवारी स्वीकार गर्दा लेखापरीक्षण गराउने निकाय र कार्यसँग लेखापरीक्षकको नैतिक आचरणमा आँच आउन सक्ने अवस्था, जस्तै आफूले गरेको काम आफैंले परीक्षण गर्ने जोखिमलाई विचार गर्नुपर्ने मान्यता छ। यस्तो जोखिम कायम रहेको अवस्थामा लेखापरीक्षणको नतीजा विश्वसनीय नहुने सम्भावना रहेको उनको भनाइ छ।

"संवैधानिक परिषद्को यस सिफारिशबाट रायले आफू अर्थसचिव, उपराष्ट्रपतिको कार्यालयमा सचिव र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीका रूपमा कार्यरत रहेको (जसको लेखाउत्तरदायी अधिकृत उनी स्वयम् नै हो)," उनले भने, "आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को समेत महालेखापरीक्षण सम्पन्न गर्दै सोको प्रतिवेदनमा अन्तिम हस्ताक्षर गरी सम्माननीय राष्ट्रपतिसमक्ष बुझाउनुपर्ने हुन्छ।"

यस प्रकार आफ्नै कामकारबाही र आफ्नै जिम्मेवारीमा रहेको आर्थिक कारोबारको लेखापरीक्षण आफैंले गर्नु लेखापरीक्षणसम्बन्धी स्वतन्त्रताको सिद्धान्तले नमिल्ने र सोझै स्वार्थको द्वन्द्व हुने मात्र नभई यसबाट सुशासनमा गम्भीर खलल पर्नेसमेत उनले बताए।

संसदीय सुनवाइ समितिले स्वार्थको द्वन्द्व नहुने, लेखापरीक्षणको स्वतन्त्रता कायम रहने र सुशासनमा सघाउ पुग्ने अवस्था सुनिश्चित गरोस् भनी टिआई नेपालले गम्भीर ध्यानाकर्षण गराएको छ।

# लाइन काटिएपछि नगरपालिकाले बुझायो सडक बत्तीको बक्यौता

पर्वत, २१ चैत/रासस

लामो समयदेखि महसूल नबुझाएकाले सडकबत्तीको लाइन काटिएपछि कुश्मा नगरपालिकाले बक्यौता रकम भुक्तानी गरेको छ।

नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रले लामो समयदेखि सडकबत्तीको रकम भुक्तानी नभएको भन्दै यही चैत ४ गतेदेखि कुश्माबजार क्षेत्रको लाइन काटेको थियो।

नगरपालिकाले बक्यौतामध्ये रु ५० लाख भुक्तानी गरेको केन्द्रका लेखाप्रमुख गोविन्दप्रसाद शर्माले जानकारी दिए। उनका अनुसार पटकपटक ताकेता गर्दा पनि नगरपालिकाले बक्यौता रकम भुक्तानी नगरेपछि बाध्य भएर विद्युत्को लाइन काटिएको हो।

हालसम्मको रु २४ लाख भुक्तानी दिन बाँकी रहेको भन्दै उक्त रकम पनि चाँडै भुक्तानी गर्ने प्रतिबद्धता नगरपालिकाले जनाएको लेखाप्रमुख शर्माले जानकारी दिए।

विद्युत् प्राधिकरणको वितरण केन्द्रका अनुसार सडकमा जडान गरिएका बिजुलीबापत पालिकाले रु ७४ लाख बढी भुक्तानी दिन बाँकी थियो। नगरपालिका र विद्युत् प्राधिकरणबीच चार वर्षअघि सडकबत्तीसम्बन्धी सम्झौता भए अनुसार सडकबत्तीबापतको रकम नगरपालिकाले भुक्तानी गर्ने उल्लेख थियो।

केन्द्र हरेक बत्तीको 'मिटरबक्स' राखेर मात्रै सडकबत्तीको लाइन पुनः जोड्ने तयारी भइरहेको जनाएको छ।

सडकबत्तीमा प्रयोग हुने मिटरबक्स विद्युत् प्राधिकरणले निशुल्क दिने र तार नगरपालिकाले उपलब्ध गराउने सहमति भएको वितरण केन्द्रका प्रमुख प्रीतमराज विष्टले जानकारी दिए। नयाँ सम्झौता गरेर हरेक बत्तीको मिटरबक्स नराखेसम्म लाइन नजोडिने उनको भनाइ छ।

कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु तिवारीले बजेट अभावका कारण पूरै भुक्तानी गर्न नसकिएको बताए। बाँकी रहेको बक्यौता रकम भुक्तानीका लागि आगामी आर्थिक वर्षको बजेटबाट व्यवस्थापन गरिने उनले जानकारी दिए।

सडक बत्तीको लाइन काटिएपछि अहिले कुश्माबजार र आसपासका वडा अन्धकार बनेका छन्। रातिको समयमा पनि झलमल्ल हुने बजारका चोक तथा गल्लीहरू दुई सातादेखि अन्धकार बनेका हुन्।


प्राधिकरणको पर्वत वितरण केन्द्रका लेखाप्रमुख शर्माले बक्यौता रकम असुलीमा केन्द्र सक्रिय भएर लागिरहेको बताए। नगरपालिका, सरकारी कार्यालय, सामुदायिक सङ्घसंस्था वा निजी घरहरूमा रहेको बक्यौता रकम असुली गर्ने अभियान नै सञ्चालन गरिएको उनको भनाइ छ।



सर्लाहीको लालबन्दी नगरपालिका–५ स्थित दुग्ध विकास संस्थानको शाखा कार्यालय हाताभित्र स्थानीय किसानले चरनको लागि राखेको मौरीका घारहरू। तस्विर: सिंगबहादुर थापा/ रासस

# के हाम्रो आगामी जीवन भूमिगत संसारमा बित्नेछ ?

आज विश्वको आठ अर्ब जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्या शहरमा बस्छन् । संयुक्त राष्ट्रसङ्घले आगामी २५ वर्षमा शहरमा बसोबास गर्ने जनसङ्ख्या दुई तिहाइले बढ्ने अनुमान गरेको छ ।



मध्य टर्कीको डेरेनकुयू भूमिगत शहरको माथिल्लो हिस्सा ।

यसको मतलब सन् २०५० सम्ममा प्रत्येक १० जनामध्ये सातजना शहरी क्षेत्रमा बस्नेछन् । यो वृद्धि एशिया र अफ्रिकामा सबैभन्दा ठूलो हुनेछ, जहाँ जनसङ्ख्या वृद्धि र आर्थिक विकास तीव्र गतिमा भइरहेको छ ।

शहरहरूमा भीडभाड बढ्ने र जलवायु परिवर्तनका कारण बढ्दो गर्मी सहन गाऱ्हो र महँगो हुनेछ ।

यसले भवनहरूलाई चीसो राख्न ऊर्जा खपत बढ्नेछ र कार्बन उत्सर्जनमा पनि वृद्धि गर्नेछ । तर त्यहाँ समाधान हुन सक्छ । र त्यो हो कि शहरहरू विस्तार जमीनको माथि वा वरपरको साटो भूमिगत गर्नुपर्छ ।


### भूमिगत संसार

मध्य टर्कीमा ५००० वर्ग किलोमिटरमा फैलिएको एउटा सुन्दर क्षेत्र छ, जहाँ कोन आकारका ढुङ्गाका संरचनाहरू टाढा–टाढासम्म देखिन्छन् । यी लाखौं वर्ष पहिले ज्वालामुखी विष्फोटबाट निस्कने खरानीका कारण बनेका थिए ।

यदि हामीले यी प्राकृतिक चुचुराहरूलाई ध्यानपूर्वक हेर्‍यौं भने, हामी तिनीहरूको छेउमा बनेका ढोकाहरू देख्न सक्छौं । भित्र पस्नेबित्तिकै कोठा, कोरिडोर र सुरुङको विशाल संसार उभिन्छ ।

त्यहाँ एउटा यस्तो परिसर छ– डेरेनकुयू शहर । त्यहाँ जमीनमुनि ८५ मिटर तल कोठा, कोरिडोर र सुरुङहरूको अत्यन्त ठूलो नेटवर्क छ । शताब्दीयौंदेखि मानिसहरूले शत्रुहरूबाट बच्न यी ठाउँहरू प्रयोग गर्दै आएका छन् ।

यस सम्बन्धमा सबटेरानिया ब्रिटानिका नामक संस्थाका ट्रस्टी मार्टिन डिक्सनसँग कुरा भएको थियो ।



मध्य टर्कीको डेरेनकुयू भूमिगत शहर ।

यो संस्थाले मानिसले बस्नका लागि बनाएको भूमिगत ठाउँहरूका बारे अनुसन्धान गर्छ ।

मार्टिन डिक्सनले विश्वका यस्ता धेरै ठाउँमा अनुसन्धान गरेका छन् । डेरेनकुयूका यी सुरुङहरूका मुखहरू ठूला गोलो ढुङ्गाले बन्द गरिएका थिए ताकि बाहिरबाट शत्रुहरू भित्र पस्न नसकोस् ।

उनी बताउँछन्, "यी गोलाकार ढुङ्गाहरू भित्री करिडोरबाट सुरुङको मुखमा धकेलिएको थियो, बाहिरबाट निकाल्न असम्भव बनाइएको थियो । त्यस्ता ढोकाहरूका वरिपरि सुरुङहरू बनाइएका थिए, जहाँबाट भित्र प्रवेश गर्ने शत्रुहरूलाई भाला जस्ता हतियारले आक्रमण गर्न सकियोस् ।

मार्टिन डिक्सन विश्वास गर्छन् कि जमीनमा लडाइँ हुँदा मानिसहरू त्यस्ता भूमिगत ठाउँहरूमा आश्रय लिन्थे । उनले यी स्थायी बस्ती नभई जमीनमा हुने द्वन्द्वबाट बच्न लामो समयसम्म यहाँ बसोबास गर्ने गरेको बताए ।

यी भूमिगत परिसरहरूमा इनार, भेन्टिलेशन, गाईवस्तुहरूका लागि गोठ र अस्तबलरू थिए, जहाँ मानिसहरू सुरक्षितरूपमा बस्न सकोस् ।

शताब्दीयौंदेखि मानिसले शत्रु र जङ्गली जनावरहरूका साथै कठोर मौसमबाट आफूलाई बचाउन गुफाहरूमा शरण लिइरहेका छन् ।

लगभग १०० वर्ष पहिले दक्षिणी अस्ट्रेलियाको कुबर पेडी क्षेत्रमा मानिसहरूले बहुमूल्य ओपल ढुङ्गाहरू निकाल्न खनन शुरू गरेका थिए । तर चर्को गर्मीबाट बच्न तिनीहरूले जमीनमुनि पूरै संसार बनाए ।

आज कुबर पेडीका लगभग १५०० बासिन्दा जमीनमुनि बस्छन् । त्यहाँ तिनीहरू पसलहरू चलाउँछन्, किनमेल गर्छन् र भूमिगत चर्चमा प्रार्थना पनि गर्छन् । स्थानीयले यसलाई 'डग आउट' भन्छन् ।

मार्टिन डिक्सनले भने, "गर्मीमा कुबर पेडीको तापक्रम ४० डिग्रीको हाराहारीमा हुन्छ, जसका कारण मानिसहरू जमीनमुनि बनेका घरहरूमा बस्छन्, जहाँ तापक्रम वर्षभरि २० डिग्रीको हाराहारीमा रहन्छ । त्यसैले कुबर पेडीको कुल जनसङ्ख्याको दुई तिहाइ वर्षभरि जमीनमुनि बस्छन् ।"

जमीनको मुनि वा भूमिगत बस्नु कस्तो छ ? त्यहाँ बस्नेहरूका घर कस्ता हुन्छन् र घामको किरण घरमा कसरी पुग्छ ?

मार्टिन डिक्सनले भने, "मेरो विचारमा तिनीहरूको भूमिगत जीवन धेरै सुन्दर छ । ढुङ्गामा सुन्तला रङ्गको झाँई हुन्छ र यसको सतह आकर्षक देखिन्छ । सामान्यतया तिनीहरूको बैठक कोठा प्रवेशद्वार वा सुरुङको नजीक हुन्छ र त्यहाँ झ्याल हुन्छन् । उनीहरू दिनको अधिकांश समय यही कोठामा बिताउँछन् । र भित्री कोठाहरू भण्डारकक्ष वा शयनकक्षको रूपमा प्रयोग गरिन्छ । बाहिर धेरै गर्मी हुन्छ तर भित्री कोठामा सूर्यको किरण पुग्दैन, त्यसैले यहाँको तापक्रम सहज हुन्छ ।"

कुबर पेडीका बासिन्दाहरूले गर्मीबाट बच्न भूमिगत घरहरूको समाधान निकालेका छन् । संसारमा अन्य धेरै ठाउँ छन्, जहाँ मानिसहरूले जमीनमाथि घर बनाउँछन् तर आफ्नो दैनिक कार्यहरू जमीनमुनि गर्छन् ।

### भूमिगत शहरहरूको निर्माण

संसारका ६० भन्दा बढी देशमा मेट्रो वा भूमिगत रेल चल्छन् । यी भूमिगत स्टेशनहरूभित्र कार्यालयहरू छन्, जहाँ मानिसहरू ट्रेनबाट ओर्लेपछि सीधैं आआफ्नो कार्यालयहरूमा जान सक्छन् । खानेकुरा किन्न सक्छन् । र यसका लागि लिफ्टबाट जमीनभन्दा माथिको भवनमा जानुपर्दैन ।



न्यूयोर्कस्थित लोलाइन पार्क ।

भूमिगत परिसर निर्माण गर्नुको अर्को कारण पनि छ । त्यो मौसम हो । उदाहरणको लागि पूर्वी क्यानडामा जाडोको समयमा तापक्रम माइनस ३० डिग्री पुग्छ ।

यसबारेमा बुझ्नको लागि वास्तुकार र शहरी योजनाकार ज्याक बस्नेरसँग कुरा गरियो, जो एशोसिएटेड रिसर्च सेन्टर फर अर्बन अन्डरग्राउन्ड स्पेसेजका सहसंस्थापक पनि हुन् । १९८० मा ज्याक बेसनरले मोन्ट्रियल शहरमा भूमिगत परिसरहरूको निर्माणमा काम गरे ।

मोन्ट्रियलको भूमिगत शहर ५० किलोमिटरसम्म फैलिएको छ र त्यहाँ सयौं कार्यालय, पसल र सङ्ग्रहालय पनि छन् । दैनिक पाँच लाख मानिसले यसको प्रयोग गर्छन् । यी ठाउँहरूको डिजाइन गर्दा सुरक्षा र सुविधामा विशेष ध्यान दिइएको ज्याक बताउँछन् ।

उनी भन्छन्, "यस्ता ठाउँहरूमा कोरिडोर निकै फराकिलो बनाइएका हुन्छन्, भित्ताहरूमा स्पष्टरूपले साइनबोर्ड राखिएका हुन्छन् ताकि मानिसहरूलाई आवतजावतमा कुनै समस्या नहोस् र उनीहरूले सुरक्षित महसूस गरून् ।

आधुनिक प्रविधि र भवन निर्माण सामग्रीबाट अब पहिलेदेखि अवस्थित भवनहरूलाई नोक्सान नपुऱ्याइ भूमिगत परिसरहरूमा शपिङ मल जस्ता ठूला भवनहरू निर्माण गर्न सकिन्छ । १०० वर्ष पहिले जब लन्डनमा भूमिगत मेट्रो रेलको सञ्जाल बिछ्याइएको थियो, त्यस बेला जमीनमाथि अवस्थित भवनहरूलाई क्षति हुनबाट जोगाउन जमीनदेखि धेरै तल सुरुङहरू खन्नुपरेको थियो ।

पुराना शहरहरूमा यो काम गाऱ्हो छ तर यहाँका सम्पदाको भरपूर प्रयोग भूमिगत परिसरहरूको लागि गर्न सकिन्छ ।

ज्याक बेसनर विश्वास गर्छन् कि, "धेरै शहरका जमीनमुनि यस्ता 'डगआउटहरू' मध्यकालदेखि शीतयुद्धको बेलासम्म बनाइएका थिए । शहरहरू लडाइँको समयमा बमबारीबाट जोगिन भूमिगत परिसरहरू निर्माण गरिएका थिए ।"

"यी ऐतिहासिक ठाउँहरू अहिले पर्यटनका लागि प्रयोग भएका छन् किनभने यी ठाउँहरू धेरै रोचक छन् । तर यी ठाउँहरूलाई आधुनिक अभिरुचिका अनुसार ढालेर यहाँ रेस्टुरेन्ट र पसलहरू खोल्न सकिन्छ, जुन आजकल एकदमै फैशनेबल छ ।"

अहिले मानिसहरू यी भूमिगत ठाउँहरूको प्रयोग सीमित समयको लागि गर्छन् । तर भविष्यमा जलवायु परिवर्तनको असरबाट बच्न यहाँ बस्नको लागि दीर्घकालीन व्यवस्था गर्न सकिन्छ कि ?

ज्याक बेसनर भन्छन्, "जलवायु परिवर्तनले बाढी र आगलागीका घटनाहरू बढाउनेछन् र जमीनमाथि गर्मी यति तीव्र हुनेछ कि मानिसहरूले भूमिगत चीसो ठाउँहरूमा बस्न पक्कै पनि विचार गर्नेछन् । भूमिगत परिसर गर्मी र आद्रताबाट बच्नको लागि राम्रो समाधान हुन सक्छ ।"

मोन्ट्रियलको भूमिगत शहर ६० वर्ष पहिले बनाइएको थियो । भविष्यका परिवर्तनहरूलाई ध्यानमा राख्दै, २१औं शताब्दीका वास्तुविद्हरू अब नयाँ प्रकारका भूमिगत परिसरहरू निर्माण गर्ने योजनामा छन् ।

### प्रकाशको किरण


दक्षिण कोरियामा भूमिगत निर्माणको क्षेत्रमा एउटा साहसिक योजना कार्यान्वयन भइरहेको छ । राजधानी सियोलको गंगनम क्षेत्रमा आधा किलोमिटर लामो भूमिगत पार्क वा 'लाइट वाक' बनाइँदै छ, जसमा सीसाको छाना हुनेछ, जसबाट प्रकाश भूमिगत पार्क र त्यहाँ बनेका परिसरहरूमा पुग्नेछ । स्वीट्जरल्यान्डको एम्बर्ग इन्जिनीयरिङ कम्पनीका परियोजना प्रबन्धक र इन्टरनेशनल टनेलिङ एन्ड अन्डरग्राउन्ड स्पेस एशोसिएशनका अन्डरग्राउन्ड स्पेस कमिटीकी सहअध्यक्ष एन्टोनिया कोरनारोले सियोलको लाइट वाक परियोजनाको बारेमा विस्तृतरूपमा बताइन् ।

उनी भन्छिन्, "यहाँ जमीनमुनि दुईवटा आधुनिक पार्क बनाइनेछ । न्यूयोर्कको सेन्ट्रल पार्क र लन्डनको हाइड पार्क जस्तै सियोलमा यो लाइट वाक पार्क निर्माण भइरहेको छ । यसमा विशेष कुरा यो छ कि यो सियोलको मेट्रो रेलसँग जोडिनेछ । यसका साथै यहाँ मानिसहरूका लागि मनोरञ्जनका थुप्रै साधन हुनेछन् । यदि जमीनमा गर्मी र आद्रता बढी छ भने, मानिसहरू जमीनमुनिको पार्कको चीसो मौसममा समय बिताउन सक्नेछन् ।"

सूर्यको प्रकाशको अभाव भूमिगत परिसरहरूको कमजोरी भएको छ तर यसलाई सीसाको छानाबाट पनि हटाउन सकिन्छ । आधुनिक वास्तुकलामा अपवर्तन र फाइबर अप्टिक केबलहरू प्रयोग गरेर सूर्यको किरणको प्रयोग भूमिगत परिसरहरूमा गर्ने प्रयासहरू भइरहेका छन् ।

तर यहाँको दोस्रो ठूलो समस्या के हो भने जमीनमुनि खन्नु निकै महँगो काम हो । न्यूयोर्कमा यस्तै एउटा भूमिगत 'लोलाइन' पार्कको निर्माण २०१९ मा शुरू भएको थियो तर बजेट अभावका कारण एक वर्षपछि रोकिएको थियो । तर यो फेरि शुरू हुने अपेक्षा गरिएको छ ।

एन्टोनिया कोरनारोले यस पार्कमा जमीनमुनि धेरै किसिमका बिरुवा उब्जाउन परीक्षण गरिएको बताइन् । यो एक धेरै सुन्दर सार्वजनिक पार्क बन्न सक्छ, जहाँ मानिसहरू वर्षको कुनै पनि समयमा दिन वा रात भ्रमण गर्न सक्षम हुनेछन् । त्यहाँ फाइबर अप्टिक केबलमार्फत सूर्यको किरण पुऱ्याउने गरी रूखबिरुवाहरू हुर्कन सक्छन् ।



न्यूयोर्क सिटी सबवे ।

'लोलाइन पार्क'मा बिरुवा हुर्काउन सकिन्छ भने प्रतिकूल परिस्थितिमा खाद्य सुरक्षा सुनिश्चित गर्न यस्ता खाली भूमिगत ठाउँहरूमा बिरुवा हुर्काउने वा खेती गर्नेबारे किन गम्भीरतापूर्वक नसोच्ने ? खेतीका लागि यस्ता ठाउँहरू अस्तित्वमा छन् र एन्टोनिया कोरनारोले त्यस्ता दुई ठाउँको भ्रमण पनि गरेकी छन् ।

एन्टोनिया कोरनारोले भनिन्, "मैले लन्डनमा एउटा भूमिगत खेती परियोजना हेरें, जुन दुई युवा व्यवसायीले प्रयोग नगरिएका पुराना भूमिगत बङ्करहरूमा शुरू गरेका छन् । यस खेतीको व्यवसाय निकै सफल भएको छ । यहाँ एलइडी बत्ती जडान गरिएका छन् । स्वीट्जरल्यान्डमा पनि यस्तै परियोजना चलिरहेको छ र यहाँ पनि त्यही रणनीति अपनाएको छ । धेरै भूमिगत ठाउँमा च्याउखेती भइरहेका छन् । सियोलको भूमिगत सबवे स्टेशनमा सलाद हुर्काएर यात्रुहरूलाई बेचिन्छ ।"

यस्तै योजना फ्रान्समा पनि शुरू भएको छ । बेलायतमा बन्द भएका कोइलाखानीभित्र पनि खेती गर्ने सुझावहरू आएका छन् ।

भूमिगत ठाउँहरूमा खेती गर्नुको एउटा फाइदा यो हो कि त्यहाँ कुनै कीरा र चराहरू हुँदैनन्, जसले बालीलाई नोक्सान गर्न सक्छन् । यस्तै, खेतबाट अन्न शहरहरूमा लैजाँदा यातायातका साधनबाट हुने कार्बन उत्सर्जन पनि कम गर्न सकिन्छ ।

जमीनमाथि बाली उब्जाउन प्रयोग हुने पानी र ठाउँको तुलनामा एकदमै कम पानी र ठाउँमा जमीनमुनि बाली उब्जाउन चाहिन्छ ।

एन्टोनिया कोरनारो भन्छिन् कि भूमिगत परिसरहरूमा तापक्रम स्थिर रहन्छ, त्यसैले त्यहाँ चीसो गर्न इन्धनको आवश्यकता पर्दैन र ती परिसरहरूको मर्मतसम्भार पनि सस्तो छ ।




भूमिगत सुरुङ्ग खन्दै ।

### खन्ने चुनौती

अमेरिकाको मेरिल्यान्ड युनिभर्सिटीका शहरी योजना अध्ययन कार्यक्रमकी निर्देशक प्रोफेसर क्लारा इराजाबेलले अब विश्वको अधिकांश जनसङ्ख्या शहरमा बस्न थालेको बताउँछिन् । यस्तो अवस्थामा ठाउँको अभाव हटाउन भूमिगत परिसर निर्माण गर्नु राम्रो तर साहसी विकल्प हुन सक्छ ।

उनका अनुसार जमीनमुनि भवन निर्माण गर्दा लागत बढी हुने र प्रक्रिया झन्झटिलो हुनेछ । त्यसपछि भवन संरचनाको स्थायित्व सुनिश्चित गर्न, वाटरप्रुफिङ, भेन्टिलेशन र मर्मत गर्न पनि थप चुनौतीपूर्ण हुनेछ । यसका लागि आधुनिक प्रविधिको आवश्यकता पर्छ ।"

भूमिगत भवनहरू डिजाइन गर्दा हामीले त्यहाँ बस्दा हाम्रो दिमागमा कस्तो प्रभाव पार्छ भनेर पनि सोच्नुपर्छ किनभने बाढी वा आगलागीको खतराका साथ यस्ता ठाउँमा बस्न सजिलो हुँदैन ।

प्रोफेसर क्लारा इराजाबेलले आकाश र सूर्यको किरणविना प्राकृतिक संसारबाट अलगगै बस्दा निश्चितरूपमा मनोवैज्ञानिक असर पर्ने बताउँछिन् । यो नकारात्मक पक्षलाई नजरअन्दाज गर्न सकिँदैन ।

भूमिगत जीवनको अर्को समस्या यससँग सम्बन्धित धारणाहरू हुन् । अस्कर अवार्ड विजेता कोरियन फिल्म 'प्यारासाइट'ले बेसमेन्टमा बस्ने गरीब परिवारको कथालाई चित्रण गरेको छ । सियोलका यस्ता 'बन्जिया' घरहरूमा करीब दुई लाख मानिस बाढी र कीराहरूको सामना गर्दै बस्छन् ।

यी समस्याहरू समाधान भए तापनि यस प्रकारको जीवनसँग सम्बन्धित नकारात्मक धारणालाई समाधान गर्न अझै गाऱ्हो छ ।

प्रोफेसर क्लारा इराजाबेलका अनुसार भूमिगत जीवन सधैं गरीबीसँग जोडिएको छ । र जोसँग जमीनमाथि बस्न संसाधनहरूको कमी छ, तिनीहरू नै जमीनमुनिको घरमा बस्छन् ।

उनी भन्छिन्, "यसबाहेक दोस्रो कुरा के हो भने मानिसलाई जमीनमाथि बस्ने बानी छ, रीतिरिवाज र परम्परा अनुसार बाँच्ने भएकाले मानिसलाई आफ्नो बानी परिवर्तन गर्न सजिलो छैन । तर हामीले साहसी र सृजनात्मक सोच अपनाउनुपर्छ ।"

प्रोफेसर क्लारा इराजाबेल भन्छिन् कि धेरै शहरमा मल, क्यासिनो र रेलहरू भूमिगत छन् । हामीले यस व्यवस्थालाई अझ बलियो र राम्रो बनाउनुपर्छ ताकि आवासीय परिसरहरू पनि भूमिगत बनाउन सकियोस् ।

अब मुख्य प्रश्नमा फर्कौं– के हाम्रो भविष्य भूमिगत हुनेछ ? जति धेरै मानिस शहरतिर सर्दैछन्, शहरमा ठाउँको अभाव बढ्दै गएको छ । जमीनमुनिको तापक्रम नियन्त्रण गर्न सजिलो छ र प्रविधिको सहयोगले त्यहाँ प्राकृतिक प्रकाश पनि ल्याउन सकिन्छ र तरकारी एवं अन्न उब्जाउन सकिन्छ ।

वास्तवमा हाम्रोसामु वास्तविक चुनौती भनेको भूमिगत जीवनसँग सम्बन्धित धारणा परिवर्तन गर्न र भूमिगत भवनहरू निर्माण गर्न स्रोत जुटाउनुसँग छ ।

तर आधुनिक विश्वले सामना गरिरहेको जलवायु परिवर्तन र बढ्दो जनसङ्ख्याको समस्यालाई हेर्दा हामीसँग यसको गहिराइमा जानुको विकल्प छैन ।
स्रोत– बिबिसी हिन्दी

# अन्तर्राष्ट्रिय समाचार

## गाजामा सक्रिय सहायताकर्मी मारिनु दुःखद– इजरायली सेना प्रमुख

गाजा पट्टी, २१ चैत/एएफपी

इजरायली सेना प्रमुख हर्जी हालेभीले





तस्वीरः एजेन्सी

गाजामा इजरायली सेनाले गरेको हवाई हमलाबाट सातजना सहायताकर्मी मारिएको घटनाबाट आफू दुःखित भएको बताएका छन्।

सहायताकर्मीको मृत्यु भएकाप्रति अन्तर्राष्ट्रिय समुदायले तीव्र आलोचना गरेसँगै सेनाप्रमुख हालेभीले इजरायली सेनाबाट गम्भीर त्रुटि भएको स्वीकार गरेका छन्।इजरायली सेनाले वर्ल्ड सेन्ट्रल किचेन नामको सहायता टोलीमाथि सोमवार रातिको समयमा हवाई हमला गरेको थियो। सेनाप्रमुख हालेभीले एक भिडियो सन्देशमा वर्ल्ड किचेनको सहायता टोलीका गतिविधिलाई राम्रोसँग पहिचान गर्न नसक्दा त्रुटिवश सेनाले हमला गरेको बताएका छन्। उनले वर्ल्ड किचेनका सदस्यमाथि जानाजान आक्रमण नगरिएको पनि दाबी गरेका छन्।

गत अक्टोबरमा युद्ध प्रारम्भ भएयता अमेरिकी परोपकारी संस्था वर्ल्ड किचेनले पहिलोपटक गाजामा विस्थापित सर्वसाधारणलाई खाद्यान्नसमेतका दैनिक उपभोग्य राहत सामग्री वितरण गर्न थालेको थियो। हवाई हमलाबाट वर्ल्ड किचेनको राहत सामग्री राखेको सवारीसाधन ध्वस्त भएको थियो।

वर्ल्ड किचेनले प्रकाशन गरेको विज्ञप्तिमा समुद्री मार्ग हुँदै गाजामा ल्याइएको १०० टनभन्दा बढी मानवीय खाद्यान्न सहायता सामुद्रिक जहाजबाट अर्को गाडीमा राख्दै गर्दा आफ्ना कर्मचारीमाथि हमला भएको जनाएको छ।

यस आक्रमणबाट अस्ट्रेलिया, बेलायत, प्यालेस्टाइन, पोल्यान्ड र अमेरिकी–क्यानडेली नागरिक हताहत भएका थिए। अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त घटनाको कडा शब्दमा निन्दा एवं भर्त्सना गरेका छन्। उनले इजरायलले गाजामा मानवीय सहायताका लागि मदत गरिरहेका सहायताकर्मीमाथि हमला गर्नु अत्यन्त निन्दनीय घटना भएको बताएका छन्।

राष्ट्रपति बाइडेनले उक्त आक्रमणको तत्काल छानबीन गरी घटनाका दोषीमाथि कारबाही गर्न इजरायलसँग माग गरेका छन्।

राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले पनि मानवीय सहायताकर्मीमाथि भएको आक्रमण अत्यन्त दुःखद रहेको बताउँदै हालसम्म इजरायली आक्रमणबाट १९६ जना मानवीय सहायताकर्मी मारिइसकेको बताएका छन्। उनले गाजामा तत्कालै मानवीय युद्धविराम गर्न इजरायललाई आग्रह गरेका छन्।

वर्ल्ड किचेनले इजरायली आक्रमणबाट मारिएका व्यक्तिहरूको नाम पनि सार्वजनिक गरेको छ। मारिनेहरूमा साइफेडिन इसाम आयाद अबुताह, जोमी फ्रान्कोम, पोल डामियन सोबोल, ज्याकोब फ्लिकिङ्गर, जोन च्यापम्यान, जेम्स हेन्डरसन र जेम्स कर्बी रहेका छन्।

डब्लुसिकेका प्रमुख कार्यकारी एरिन गोरले एक विज्ञप्ति जारी गर्दै दिनभरको कामबाट थकित हाम्रा सहायताकर्मीमाथि इजरायलले हवाई हमला गरेर अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घन गरेको बताएका छन्। उनले इजरायली सेनासँग समन्वय गरिए पनि इजरायली आक्रमण आफूहरूमाथि लक्षित रहेको जनाएका छन्।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले डब्लुसिकेमाथि भएको हमला जानाजान नभएको दाबी गरेका छन्। प्रधानमन्त्री नेतान्याहुले उक्त घटनाप्रति क्षमासमेत नमागेको बताइएको छ। यद्यपि उनले घटनाको अनुसन्धान गरिने बताएका छन्।

अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजले पनि इजरायली प्रधानमन्त्रीलाई टेलिफोन गरी उक्त घटनाप्रति रोष प्रकट गरेका छन्। बेलायतले इजरायली राजदूतलाई डाकेर उक्त घटनाको पूर्ण जिम्मेवारी लिन माग गरेको छ।पोल्यान्डले भने उक्त घटनामा मारिएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन इजरायलसमक्ष आग्रह गरेको छ।

उक्त घटनामा मारिएका सहायताकर्मीको शव दक्षिण गाजा सीमाबाट बुधवार आआफ्ना मुलुकतर्फ लैजाने प्रबन्ध मिलाइएको छ।

यसैबीच, इजरायलले गाजामा जारी राखेको सैनिक कारबाहीका क्रममा मङ्गलवार राति कम्तीमा ६० जना प्यालेस्टिनीको मृत्यु भएको गाजास्थित स्वास्थ्य मन्त्रालयले जनाएको छ। रासस

## ताइवानमा शक्तिशाली भूकम्पपछि सुनामीको चेतावनी

टोकियो, २१ चैत/सिन्हवा/

ताइवानको पूर्वी तटीय क्षेत्रमा बुधवार ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ।

भूकम्पका कारण ताइवानसँगै चीन, जापान, फिलिपिन्समा सुनामी आउन सक्ने प्रारम्भिक चेतावनी जापानको मौसम पूर्वानुमानसम्बन्धी निकायले जारी गरेको छ।

ताइवानको ख्वालिएन शहरदेखि करीब १८ किलोमिटर टाढा केन्द्रबिन्दु बनाइ भूकम्प गएको अमेरिकी भौगर्भिक अध्ययन निकाय (युएसजिएस)ले जनाएको छ।

ताइवानी अधिकारीहरूका अनुसार यो भूकम्प ताइवानमा २५ वर्षयताकै सबैभन्दा शक्तिशाली रहेको छ।

चीनको दक्षिण–पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसूस गरिएको छ।

बुधवारको भूकम्पपछि अहिलेसम्म चार म्याग्निच्युड अथवा सोभन्दा ठूला नौवटा परकम्प गएका अधिकारीहरूले बताएका छन्।

भूकम्पका कारण भएको क्षतिको विवरण सङ्कलन भइरहेको बताइएको छ।

आवासीय भवनहरू भत्केका र मानिसहरूलाई उनीहरूका घर एवं विद्यालयबाट उद्धार गर्दै गरिएका दृश्य देखिने भिडियो तथा तस्वीर स्थानीय सञ्चारमाध्यमहरूले देखाएका छन्।

ताइवानमा भूकम्पका कारण पहाडी भेगका निकै ठाउँमा पहिरो गएको बताइएको छ।

जापानको दक्षिण–पश्चिमी क्षेत्रको ठूलो हिस्सामा सुनामीले तीन मिटर उचाइसम्म छाल निम्त्याउन सक्ने अनुमान गरिएको त्यहाँको मौसमसम्बन्धी निकायले जनाएपनि पछि यसलाई संशोधन गर्दै कुनै ठूलो सुनामीको जोखिम नरहेको बताएको छ।

चीनको दक्षिण–पूर्वी फुजिएन प्रान्तका कतिपय हिस्सामा भूकम्पको धक्का महसूस गरिएको त्यहाँको सरकारी सञ्चारमाध्यमले जनाएको छ।

सन् १९९९ को सेप्टेम्बरमा ताइवानमा ७.६ म्याग्निच्युडको विनाशकारी भूकम्प जाँदा दुई हजार ४०० व्यक्तिको ज्यान गएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – अलमल |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुभय | कन्या – चोरभय |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – धननाश | मकर – सुयश |
| कुम्भ – खर्चवृद्धि | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



सर्लाहीको हरिपुर नगरपालिकाको जगतपुरस्थित स्थानीय किसानले गरेको चैते धानखेती। पर्याप्त सिंचाइ सुविधाको अभावमा जिल्लामा चैते धानखेती गर्ने किसानको सङ्ख्या न्यून रहेको छ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

## निलम्बित जिल्ला न्यायाधीश गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

काठमाडौं, २१ चैत/रासस

सर्वोच्च अदालतले वैवाहिक जबरजस्ती करणीको आरोप लागेका निलम्बित जिल्ला न्यायाधीश भुवन गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले बुधवार सुनुवाइ गर्दै जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनको आदेश बदर हुने ठहर गरी गिरीलाई थुनामा पठाउन आदेश गरेको हो।

"पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट प्रजनन अङ्गसँग सम्बन्धित 'हाइमेन ओल्ड टिअर' भन्ने देखिएको छ, पीडित र प्रतिवादीबीच यसभन्दा पहिले पनि वैवाहिक जबरजस्ती करणी र सम्बन्धविच्छेद मुद्दा चलिरहेको अवस्था देखिएको छ," आदेशमा भनिएको छ, "सम्बन्धविच्छेद र वैवाहिक जबरजस्ती करणी मुद्दा चली आपसी सम्बन्ध नै विवादमा रहेको अवस्थामा सहजै एक्लै पीडितको कोठामा जाने विषय स्वाभाविक देखिंदैन, यी समग्र परिस्थिति र प्रमाणलाई आधार मान्दा अहिले नै यी प्रतिवादी कसूरदार रहेनछन् भन्न सकिने अवस्था छैन।"

जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले निलम्बित न्यायाधीश गिरीलाई धरौटीमा छाड्न आदेश गरेको थियो।

सर्वोच्च अदालतले उक्त आदेशलाई बदर गरेको छ। गिरीकी पत्नीले आफूमाथि बलात्कार भएको उल्लेख गर्दै जाहेरी दिएपछि प्रहरीले निलम्बित न्यायाधीश गिरीलाई पक्राउ गरी अनुसन्धान गरेको थियो।

जिल्ला सरकारी वकील कार्यालयले गिरीमाथि वैवाहिक बलात्कारको मुद्दा चलाएपछि निलम्बनमा रहेका छन्।

यसैबीच, आज सो मुद्दाको सुनुवाइ भइरहेको अवस्थामा गिरीकी पत्नीले इजलासमैं शङ्कास्पद वस्तु सेवन गरेपछि निजलाई अस्पताल लगेको बताइएको छ।

सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार निजले शङ्कास्पद वस्तु सेवन गरेपछि उपचारका लागि वीर अस्पताल लगिएको हो। के सेवन गरिएको थियो भन्ने खुलेको छैन।

## नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न काठमाडौं महानगरको आग्रह

काठमाडौं, २१ चैत/रासस

काठमाडौं महानगरपालिका शिक्षा विभागले महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको छ।

महानगरपालिका शिक्षा विभागले बुधवार एक सार्वजनिक सूचना प्रकाशित गरी महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयलाई नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्न आग्रह गरेको हो।

शिक्षा नियमावली, २०५९ (संशोधनसहित)को नियम १५४ (१) तथा काठमाडौं महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ७० मा नेपालीपन झल्कने गरी विद्यालयको नामकरण गर्नुपर्ने व्यवस्था रहेको महानगरले स्मरण गराएको छ।

महानगरपालिका अन्तर्गतका अधिकांश संस्थागत विद्यालयहरूको नाम यो व्यवस्थाको प्रतिकूल देखिएकाले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र महानगरस्थित शिक्षा विभागमा सम्पर्क गर्न निर्देशन दिइएको छ।

सात दिनभित्रमा सम्पर्क गरी मौलिक नामकरणको प्रक्रिया अगाडि नबढाएमा विद्यार्थी भर्ना प्रक्रियामा रोक लगाउनेसहित कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने महानगरको शिक्षा विभागद्वारा प्रकाशित सूचनामा उल्लेख छ। विद्यालयको मौलिक नामकरणका लागि विद्यालय व्यवस्थापन समितिबाट प्रस्तावित नाम निर्णय गराएर ३५ दिनभित्र महानगरमा निवेदन दिनसमेत निर्देशन दिइएको छ।




**महिला ग्रेडर चालक चौधरीः** दाङको घोराही उपमहानगरपालिका–१७ स्थित गैरागाउँमा ग्रेडरको सहयोगले माटो सम्याउँदै चालक अनीता चौधरी। बर्दिया ठाकुरबाबा नगरपालिका–३ मानपुरकी २५ वर्षीया चौधरी पाँच वर्षदेखि घोराही उपमहानगरपालिकाको ग्रेडर चालकको रूपमा कार्यरत छिन्। तस्बिरः कुलदीप न्यौपाने/रासस



**नताक गुलेली चरालाई पाप लाग्ला है:** विद्यालय बिदा भएपछि चराचुरुङ्गीलाई निसाना लगाउन गुलेली तान्दै बालक । सुख्खायाममा पानीको खोजीमा चराचुरुङ्गीहरू गाउँबस्ती भौतारिने गर्छन् । तस्वीरः जीतलाल श्रेष्ठ

# ‘जलवायुमैत्री विकास आजको आवश्यकता’

काठमाडौं, २१ चैत/रासस

सरोकारवालाले जलवायुमैत्री विकास आजको आवश्यकता रहेकामा जोड दिएका छन् । बुधवार राजधानीमा व्यावसायिक विकास तथा अनुसन्धान केन्द्र, मार्टिन चौतारी, नेपाल बौद्ध अम्बेडकर महासभाको संयुक्त आयोजनामा आयोजित कार्यक्रममा सरोकारवालाले जलवायुमैत्री विकासमा जोड दिएका हुन् ।

सहभागितामूलक विकास विशेषज्ञ चेतनाथ कँडेलले पछिल्लो समय विकासका नाममा विनाश बढ्दै गएकाले अब जलवायुमैत्री विकासमा ध्यान दिनुपर्ने बताए । “विगत एक दशकदेखि नेपालमा डोजरे विकास भयो, विकास गर्दा वातावरणमैत्री विकासमा जोड दिन सकेनौं,” उनले भने, “अब विकासका गतिविधि अगाडि बढाउँदा जलवायुका पक्षलाई ख्याल गर्न सकिएन भने विकासका नाममा विनाश निम्तिनेछ र प्राकृतिक विपत्तिका कारण विकासमा गरिएको लगानी खेर जान सक्छ ।”

नेपालमा हुने हरेक विकासका गतिविधि असमान रहेकाले समान विकासका लागि पहल अगाडि बढाउन आवश्यक रहेको उनले बताए । जनसहभागितामूलक विकास गर्नुपर्ने कँडेलले बताए । सबै जिल्लामा सडक सञ्जाल जोडिएपछि सर्वसाधारणले विकासको अनुभूति गरेको भन्दै आगामी १० वर्षमा ती सडक कालोपत्र हुने उनको भनाइ छ ।

“धेरै स्थानीय तहमा कच्ची सडक विस्तार भइसकेको छ, अब कालोपत्रको युग शुरू हुन्छ, र सडक सुविधाबाट सर्वसाधारण लाभान्वित हुनेछन्,” उनले भने, “भौतिक विकास मात्रै विकास नभई मानवीय विकास पनि विकास हो भनेर हामीले बुझ्नु जरुरी छ ।”

विकास पत्रकार केपी ढुङ्गानाले विकासका कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न स्थानीय तहहरूलाई शक्तिशाली बनाउनुपर्ने धारणा राखे । “सङ्घीयता लागू भएसँगै हामीले धेरै परिवर्तन होला भन्ने आशा गरेका थियौं, तर आशाअनुरूपको विकास हुन सकिरहेको छैन,” उनले भने, “थाइल्यान्ड जस्तो मुलुकहरूमा मानव स्रोत परिचालन गरेर उदारणीय विकास भएको छ भने हामी किन ती मुलुकहरूको विकासका मोडललाई नअपनाउने त ?”

नेपालको विकास कछुवाको गतिमा अगाडि बढेको र त्यसलाई छिटो बनाउनुपर्ने र विकास गर्दा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्ने उनको तर्क छ ।

# भरतपुरमा अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता हुने

रत्ननगर (चितवन), २१ चैत/रासस

चितवनको भरतपुरमा यही चैत २५ गतेदेखि प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता हुने भएको छ। भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल बनाउने उद्देश्यले प्रदेशस्तरीय प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बुधवार भरतपुरमा पत्रकार सम्मेलन गरी आयोजकले जानकारी दिएको हो । खेलकूद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले प्रतियोगितामा समावेश गरिएका नौ खेलमध्ये पुरुष फूटबल मकवानपुरको गैरीटार रङ्गशालामा हुनेछ भने अन्य खेल भरतपुरमा हुनेछन् ।

खेलमा एथलेटिक्स, भलिबल, महिला फूटबल, कराँते, तेक्वान्दो, बक्सिङ, पौडी, ब्याडमिन्टन, पुरुष क्रिकेट र पुरुष फूटबल समावेश छन् । भरतपुरको चित्रवन रङ्गशालामा एथलेटिक्सका खेल हुनेछन् भने गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा पुरुष र महिला क्रिकेट, भरतपुरको गेस्ट हाउस चौरमा भलिबल, बखत स्मृति रङ्गशालामा महिला फूटबल, चितवन औद्योगिक प्रदर्शनी केन्द्रको हलमा कराँते, बक्सिङ र तेक्वान्दो, भरतपुरको हवेलीमा पौडी, भरतपुर कभर्ड हलमा ब्याडमिन्टन, गौरीटार रङ्गशाला हेटौंडामा पुरुष फूटबल प्रतियोगिता हुनेछ ।

प्रतियोगितामा १३६ स्वर्ण, १३६ रजत र १८४ कांस्य पदकका लागि सात प्रदेशका एक हजार ५४७ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको समापन आगामी वैशाख १ गते मकवानपुरको गौरीटार रङ्गशालामा हुनेछ ।


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं ।
- अरूलाई आफ्नो एकाउन्टको पासवर्ड थाहा नदिऊँ ।
- साथीभाइ वा अन्यको तस्वीर तथा श्रव्यदृश्य खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नुअघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाउने ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, तस्वीर तथा श्रव्यदृश्य साझा नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोस्ट वा साझा नगरौं ।
- शङ्कास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# सालको गोलिया बरामद

प्रस, पंचगावाँ, २१ चैत/

सबडिभिजन वन कार्यालय रङ्गपुरटाँडीले बुधवार बिहान २० वर्गफुट सालको गोलिया बरामद गरेको छ । जमदार अर्जुन चौधरी नेतृत्वको वन गस्ती टोलीले पटेर्वासुगौली गाउँपालिका–४ भलुवाही खोला किनारमा लुकाइ राखिएका दुई थान सालको गोलिया बरामद गरेको हो । बरामद सालको गोलिया सबडिभिजन वन कार्यालय, रङ्गपुरटाँडीमा राखिएको छ ।

**भन्सार छलीका सामान भन्सार चलान**

प्रस, रौतहट/

सशस्त्र प्रहरीले सात लाख मूल्य बराबरको भन्सार छलीका सामान बरामद गरी गौर भन्सार कार्यालय चलान गरेको छ ।

हिजो राति ११ बजे भारतबाट भन्सार छलीका लत्ताकपडा, औषधि, सुर्तीजन्य पदार्थ, चप्पल नेपाल भित्र्याएर दशगजामा लुकाएर राखिएको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल ११ नं गण हेडक्वार्टरको टोलीले बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ । बरामद सामान आवश्यक अनुसन्धानका लागि गौर भन्सार चलान गरिएको सशस्त्र प्रहरीले जानकारी गराएको छ ।

# खेलकूदको संसार

## गुजरातलाई हराउँदै नेपाल मैत्रीपूर्ण क्रिकेटको फाइनलमा

काठमाडौं, २१ चैत/ रासस

भारतको गुजरातलाई आठ रनले हराउँदै नेपाल ‘एसएमएस फ्रेन्डशिप कप’को फाइनलमा प्रवेश गरेको छ। त्रिकोणात्मक मैत्रीपूर्ण क्रिकेट प्रतियोगितामा नेपालले लगातार तीन खेलमा जीत निकाल्दै एक खेलअगावै फाइनलमा स्थान बनाएको हो।

गुजरातको वापीस्थित साई मेघपन स्पोर्ट्स लाइफ मैदानमा बुधवार भएको लिगको चौथो खेलमा गुजरातले टस जितेपछि नेपालले पहिला ब्याटिङ गरेको थियो। नेपालले निर्धारित २० ओभरको खेलमा सात विकेटको क्षतिमा १८१ रन बनायो। १८२ रनको विजयी लक्ष्य पछ्याउने क्रममा गुजरातले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा १७३ रन मात्र बनाउन सक्यो ।

पहिला ब्याटिङ गर्ने क्रममा नेपालको सुरुआत उत्कृष्ट रह्यो । दुवै ओनपरले पहिलो विकेटका लागि १२५ रनको




साझेदारी गरे । पहिलो विकेटका रूपमा नेपालले कुशल भुर्तेललाई गुमायो। उनले दुई छक्का र नौ चौकाको सहयोगमा ६७ रन बनाए । अर्का ओपनर मोहम्मद आसिफ शेखले ८५ रनको योगदान दिए। उनले ५१ बल खेल्ने क्रममा पाँच छक्का र १० चौका प्रहार गरे । अन्य ब्याटरले भने उल्लेख्य रन बनाउन सकेनन् ।

कप्तान रोहितकुमार पौडेलले तीन, सन्दीप जोराले दुई, कुशल मल्लले एक, गुलशन झाले चार, विवेक यादवले सात तथा प्रतीश जिसीले अविजित चार रन बनाए । बलिङतर्फ गुजरातका लागि जयमित पटेलले तीन तथा आर्या देसाई र ध्रुशान्त सोनीले दुई/दुई विकेट लिए ।

गुजरातका लागि १७३ रन बनाउने क्रममा उमङ्ग तन्डेलले ४७ रनको योगदान दिए। हर्ष देसाईंले अविजित २९ रन बनाए । अभिषेक देसाईंले २० तथा स्मित पटेलले १९ रन बनाए ।

बलिङतर्फ नेपालका लागि कुशल मल्ल र सोमपाल कामीले दुई/दुई तथा विवेक यादवले एक विकेट लिए। नेपालले अर्को खेल शुक्रवार बरोडासँग खेल्नेछ ।

## आयरल्यान्ड ‘ए’विरुद्ध नेपाल ‘ए’को कमजोर प्रदर्शन

काठमाडौं, २१ चैत/ रासस



आयरल्यान्ड ‘ए’विरुद्ध बुधवार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको एक दिवसीय क्रिकेट प्रतियोगितामा नेपाल ‘ए’ले कमजोर प्रदर्शन गरेको छ । पहिला बलिङ गर्दै आयरल्यान्ड ‘ए’लाई सस्तैमा समेटेको नेपाल ‘ए’को ब्याटिङ नचल्दा सामान्य लक्ष्य पनि पूरा गर्न सकेन ।

अनुभवी ब्याटर नचल्दा आयरल्यान्ड ‘ए’ले दिएको १५८ रनको सामान्य लक्ष्य पनि नेपाल ‘ए’ले पूरा गर्न सकेन। नेपाल ‘ए’को टोली २५ दशमलव तीन ओभरमा अलआउट हुँदै १३६ रनमा समेटियो ।

नेपाल ‘ए’का लागि साहब आलमले ३४ बलमा एक छक्का र चार चौकाको सहयोगमा ३७ रनको योगदान दिए। साथै देव खनालले २६, बसिर अहमदले २० र रिजन ढकालले १२ रन बनाए। नेपाल ‘ए’का लागि अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

आयरल्यान्ड ‘ए’को जीतमा म्याथ्यु हम्फ्रिजले पाँच र लियाम मकार्थीले चार विकेट लिए । जीतसँगै तीन खेलको शृङ्खलामा आयरल्याण्ड ‘ए’ले अग्रता लिएको छ ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको आयरल्यान्ड ‘ए’ ३८ दशमलव तीन ओभरमा अलआउट हुँदा १५७ रन मात्रै बनाउन सक्यो । सुरुआतदेखि दबाब महसूस गरेको आयरल्यान्ड ‘ए’ले मध्यमक्रममा सम्हालिने प्रयास गरे पनि अन्तिममा लय गुमायो । उसले पछिल्लो पाँच ओभरमा छ विकेट गुमाउँदै जम्मा १४ रन मात्रै बनाउन सक्यो ।

आयरल्यान्ड ‘ए’का लागि केड कार्माइकलले अर्धशतकीय पारी खेले। उनले ७७ बलमा चार चौकाको सहयोगमा ५१ रन बनाए। कप्तान नील रकले ३२ बल खेल्ने क्रममा तीन छक्का र दुई चौकको सहयोगमा ३९ रन बनाए। त्यसबाहेक पिटर मुरले २१ रन बनाउँदा ओपनरद्वय जेम्स मकलम र स्टेफल डोहनीले समान १२/१२ रनको योगदान दिए। अन्य ब्याटरले भने उल्लेख्य रन बनाउन सकेनन् ।

नेपाल ‘ए’का लागि कमल सिंह ऐरीले ह्याट्रिकसहित चार विकेट लिए भने साहब आलम र मौसम ढकालले दुई/दुई विकेट लिए। साथै रिजन ढकालले एक विकेट लिए ।